# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल

प.सं२०८०/०८१
च.नं ४६३४

मितिः २०८१/०३/२०

श्री सहकारी संस्था लि.(सबै)
राप्ती नगरपालिका, चितवन

**विषयः निर्देशन कार्यान्वयन गर्ने, गराउने बारे ।**

उपरोक्त विषयमा यस नगरपालिकाले नगर सहकारी ऐन, २०७४ तथा सहकारी ऐन, २०७४ अनुसार विगत समयदेखि नै नगरमा सञ्चालित एकै प्रकृतिका प्रारम्भिक सहकारी संस्था लि.हरुमा एकै व्यक्ति सदस्य भएको भए सहकारी ऐन अनुसार एउटा मात्र प्रारम्भिक सहकारी संस्थामा सदस्यता कायम राख्न तथा एकै शेयर सदस्य कुनै पनि प्रकृतिको दुई वटा सहकारी संघ, संस्था लि.को सञ्चालक रहेको भए एउटा मात्र सहकारी संघ, संस्था लि.को संचालक कायम राख्न विभिन्न मितिमा लिखित निर्देशन भएकोमा कतिपय संस्था लि.हरुले निर्देशनको पालना नगरिरहेको अवस्थामा सहकारी विभागले मिति २०८१/०२/३१ गते र मिति २०८१/०३/१९ गते जारी गरेको निर्देशन यसै पत्रसाथ संलग्न गरि पठाएको छ । सो निर्देशन तत्काल कार्यन्वयन गरि गराई यस नगरपालिकालाई जानकारी गराउन हुन समेत सूचित गरिन्छ ।

सादर अवगतार्थ

१. श्रीमान् नगर प्रमुख ज्यू: राप्ती नगरपालिका, नगरकार्यपालिकाको कार्यालय भण्डारा, चितवन ।
२. श्रीमान् नगर उपप्रमुख ज्यू: राप्ती नगरपालिका, नगरकार्यपालिकाको कार्यालय भण्डारा, चितवन ।

वोदार्थः
श्री सूचना प्रविधि शाखाः राप्ती नगरपालिका, कार्यालयको वेभसाईडमा सूचना अपलोड गरिदिन हुन ।

शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

☎:०५६-५५००१५ | इमेल : rraptimunicipality42@gmail.com | वेबसाइट : www.raptimun.gov.np

CamScanner

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा [illegible] प्रवर्द्धन शाखा)

नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०८०/८१
चलानी नं.:-

## दोहोरो सदस्यता लिएका सहकारी संस्थाका सदस्यहरूलाई जरुरी सूचना

### प्रकाशित मिति- २०८१/०२/३१

सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्था छ । सहकारी ऐनको उक्त प्रावधान विपरित कसैले एकै स्थानीय तहभित्र कार्यसञ्चालन गरिरहेका एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाहरूको सदस्यता लिनुभएको भए आफूले छनौट गरेको कुनै एकमात्र सहकारी संस्थाको सदस्यता कायम राखी अन्य सहकारी संस्था वा संस्थाहरूको सदस्यता अन्त्य गर्नुहुन अनुरोध छ । सहकारी संस्थाहरूले पनि आफ्ना सदस्यहरूलाई अवगत गराएर तदनुसार गर्ने, गराउने व्यवस्था मिलाउनुहुन सूचित गरिन्छ। अन्यथा कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

रजिष्ट्रार

सहकारी विभाग
पितम्बर घिमिरे
रजिष्ट्रार

फोन/फ्याक्स नं. : ४५६५३६२
इमेल: info@deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय

# सहकारी विभाग

(प्रशासन तथा सहकारी प्रवर्द्धन शाखा)
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०८०/८१
चलानी नं.:-

## सहकारी संघसंस्थालाई जारी गरिएको निर्देशन

प्रकाशित मिति २०८१/०३/१९

सहकारी ऐन, २०७४ को दफा (४१) को उपदफा (५) मा कुनै व्यक्ति एकै समयमा एक मात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ भन्ने व्यवस्था रहेकोले सो को पूर्ण परिपालना गर्नुगराउनुहुन यो निर्देशन जारी गरिएको छ। यदि कुनै व्यक्ति दुई वा सो भन्दा बढी संस्थाको सञ्चालक रहेको भए यो निर्देशन जारी भएको ३० दिनभित्र एउटा संस्थाको मात्र सञ्चालक पद कायम राखी अन्यको हकमा त्याग गर्नुपर्नेछ । अन्यथा कानून वमोजिम कारवाही प्रक्रिया अगाडी बढाईनेछ ।

यस सन्दर्भमा सहकारी संस्था भन्नाले संस्था वा संघ सम्झनुपर्दछ र सो शब्दले सहकारी बैंक समेतलाई जनाउँछ । सञ्चालक भन्नाले सहकारी ऐनको दफा (४१) को उपदफा (१) वमोजिमको सञ्चालक समितिको सदस्य सम्झनुपर्दछ र सो शब्दले समितिको पदाधिकारीलाई समेत जनाउँछ ।

रजिष्ट्रार
सहकारी विभाग
पिताम्बर घिमिरे
रजिष्ट्रार

श्री सहकारी शाखा
तत्काल नगरका सबै
सहकारी संस्थाहरूलाई
जानकारी गराउने ।